राष्ट्रको सञ्चार
नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 24, Issue 6 No. 171 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Poush 2081 (December 2024/January-2025)

# कम्पनीको वार्षिक साधारणसभा सम्पन्न




नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सत्रौं वार्षिक साधारणसभा २०८१ पुस २८ गते सम्पन्न भएको छ । राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग, काठमाडौंमा सम्पन्न भएको साधारणसभाले आर्थिक वर्ष २०८०।८१ को मुनाफा रकम मध्येबाट प्रतिशेयर ३० रुपैयाँका दरले शेयरधनीहरुलाई नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको छ ।

साधारणसभामा करिब ९१.६२ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुको उपस्थिति रहेको थियो । उक्त सभाले आर्थिक वर्ष २०८०।८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अन्य अनुसूचीहरु उपर छलफल गरी सर्वसम्मतले पारित गरेको छ ।

यसैगरी साधारणसभाले महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८१।८२ को लागि कम्पनीको लेखा परीक्षण गर्न चार्टर्ड एकाउन्टेन्टद्वय नरेन्द्र भट्टराई र प्रकाश जंग थापालाई लेखापरीक्षक नियुक्त गर्नुका साथै पारिश्रमिक समेत तोकेको छ ।

सो अवसरमा कम्पनी सञ्चालक समितिका अध्यक्ष एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले साधारणसभामा उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै कम्पनीको सत्रौं वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो । प्रतिवेदन प्रस्तुत गर्दै उहाँले यस क्षेत्रमा रहेको तीव्र प्रतिस्पर्धी वातावरणमा मुनाफाभन्दा बढी सेवाभावलाई उच्च प्राथमिकतामा राखी भौगोलिक रुपले अति विकट *(बाँकी पृष्ठ ३ मा)*

# नेपाल टेलिकम र उन्नती नेपाल फाउन्डेसनबीच सम्झौता सम्पन्न



नेपाल टेलिकमले आउँदै गरेको SEE परीक्षा तयारी गरिरहेका विद्यार्थीहरुलाई अनलाइन माध्यमबाट निःशूल्क रुपमा पढ्न पाउने व्यवस्था मिलाएको छ । नेपाल टेलिकमले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत २०८१ सालको SEE परीक्षामा सहभागी हुने र भौगोलिक रुपमा विकट एवम् दुर्गम क्षेत्रका सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी SEE Result सुधार गर्ने नेपाल सरकारको लक्ष्य प्राप्तिमा समेत योगदान पुऱ्याउनका लागि उन्नती नेपाल फाउन्डेसनसँगको सहकार्यमा यस्तो व्यवस्था गरेको हो । सो सम्बन्धी सम्झौतापत्रमा यही माघ १० गते हस्ताक्षर भएको हो ।

*(बाँकी पृष्ठ ४ मा)*

# भरतपुरमा फोहोरमैला संकलन




नेपाल टेलिकमले मैनादेवी फाउन्डेसनसँगको सहकार्यमा वातावरण स्वच्छ र सफा राख्ने उद्देश्यले चितवनको भरतपुरमा गत मङ्सिर २९ गते फोहोरमैला संकलन कार्यक्रम सम्पन्न गरेको छ ।

दौडिँदै फोहोर टिपेर बढी भन्दा बढी फोहोर जम्मा पार्ने र पुरस्कार जित्ने उक्त कार्यक्रम यसअघि काठमाडौंमा पनि आयोजना गरिएको थियो । भरतपुरमा सम्पन्न उक्त कार्यक्रममा ८०० जना भन्दा बढी सहभागीले सहभागिता जनाएका थिए भने ७०० भन्दा बढी स्वयंसेवकहरु खटिएका थिए । कार्यक्रममा १६०० के जी भन्दा बढी फोहोर संकलन भएको थियो । विजेताहरुलाई नगद पुरस्कार सहित सम्मान गरिएको थियो । कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत वातावरण सरसफाई कार्यलाई प्राथमिकतामा राखेर आफ्ना गतिविधिहरु सञ्चालन गर्दै आएको छ ।

# नेपाल टेलिकमको विन्टर अफर

नेपाल टेलिकमले विन्टर अफर (Winter Offer) अन्तर्गत विभिन्न आकर्षक प्याकहरु उपलब्ध गराएको छ । यस अन्तर्गत कम्पनीले नेपाल टेलिकमको नेटवर्कभित्र प्रयोग हुने एनटी-एनटी भ्वाइस प्याक, जुनसुकै नेटवर्कमा कुरा गर्न सकिने अल-नेट भ्वाइस प्याक, विभिन्न आकर्षक डाटा प्याकहरुका साथै भ्वाइस, डाटा र एसएमएस सेवा सहितको कम्बो प्याकेजहरु समेत सञ्चालनमा ल्याएको छ ।

यस अन्तर्गत एक दिन भ्यालिडिटी सहितको अनलिमिटेड अन-नेट भ्वाइस प्याक रु. २९ मा उपलब्ध गराइएको छ । साथै प्रिपेड सेवा प्रयोगकर्ताहरुका लागि रु. १९९, रु. २९९ र रु. ४९९ मा २८ दिन भ्यालिडिटी सहितका आकर्षक कम्बो प्याकेजहरु उपलब्ध छन् । यसैगरी प्रिपेड




र पोष्टपेड दुवै सेवाका ग्राहकहरुका लागि कम्पनीले सजिलो अनलिमिटेड प्याकेजहरु सञ्चालनमा ल्याएको छ । यस प्याकेज अन्तर्गत रु. ६९९ देखि रु. १९९९ सम्मका प्याकेजहरु उपलब्ध गराइएका छन् जसमा अनलिमिटेड अल-नेट कलका साथमा डाटा र एसएमएस सेवाहरु समेत समावेश गरिएका छन् ।

साथसाथै रेन्टल समावेश भएका पोष्टपेड सेवाका भ्वाइस तथा डाटा प्याकहरु परिमार्जित गरी उपलब्ध गराइएको र ग्राहकले आफ्नो आवश्यकता अनुसारका प्याकहरु खरिद गर्न सक्ने व्यवस्था कम्पनीले गरेको छ । कतिपय पहिलेदेखि कायम रहेका प्याकेजहरुलाई निरन्तरता दिइएको छ भने कतिपय आकर्षक नयाँ प्याकेजहरु समेत थप गरिएको छ ।

**Tourist Package:**

| S.N. | Package | Resource | Tariff Nrs. (Incl. of all taxes) | Existing Validity |
|---|---|---|---|---|
| 1 | Tourist Pack | Data: 40 GB<br>Voice: 500 Min All Network | 999 | 30 Days |

**Package for Differently able Person:**

| S.N. | Package | Voice | Data | Validity (Days) | Tariff (Incl. of all taxes) |
|---|---|---|---|---|---|
| 1 | Package for Differently able Person | 400 Min All Network | 10 GB | 28 for Prepaid<br>30 for Postpaid | 399 |

यसका अलावा ४० जीबी डाटा र ५०० मिनेट अल-नेट भ्वाइस सुविधा भएको पर्यटक लक्षित टुरिष्ट प्याक उपलब्ध गराइएको छ । ३० दिन समयावधि रहेको उक्त प्याकेज रु. ९९९ मा उपलब्ध हुनेछ ।

फाइबर सेवा अन्तर्गत १ जीबीपीएस प्रिमियम इन्टरनेट प्याकेज थप गरिएको छ भने सोही बमोजिम प्रिमियम एफटीटीएच मोबाइल डाटा प्याक उपलब्ध गराइएको छ । साथमा मल्टिपल टेलिभिजन प्याकेजहरु समेत लागू गरिएका छन् ।

*(बाँकी पृष्ठ ४ मा)*

# नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल टेलिकम (NEONNT) को वार्षिकोत्सव सम्पन्न

नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठन (NEONNT) ले आफ्नो स्थापनाको १८ औं वार्षिकोत्सव विभिन्न गतिविधिका साथ एक समारोहको आयोजना गरी सम्पन्न गरेको छ ।

गत पौष १८ गते नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्दै नेकपा माओवादी केन्द्रका नेता हरिबोल गजुरेलले नेपाल टेलिकम देशको गौरव गर्न सकिने ऐतिहासिक संस्था भएको उल्लेख गर्दै सर्वसाधारण जनतालाई सस्तो, भरपर्दो र उत्तरदायी सेवा दिन सफल भएकोमा प्रशंसा गर्नुभयो । सो कार्यक्रममा उहाँले नेपाल सरकारले महत्वाकांक्षी योजनाको रुपमा धेरै अघि देखेको हातहातमा मोबाइल, घरघरमा इन्टरनेटको सपना साकार पार्न टेलिकमले पुर्‍याएको योगदानको स्मरण गर्नुभयो । प्रतिस्पर्धामा निजी क्षेत्रको प्रवेश भएपश्चात नेपाल टेलिकमको अवस्था के हुने हो भन्ने चिन्ता रहेको स्थितिमा यस संस्थाले प्रतिस्पर्धाको सामना गर्दै आफूलाई अब्बल सावित गरेर कर्मचारी लगायत सबैको सामूहिक प्रयासबाट आफूलाई सम्मानजनक स्थितिमा राख्न सफल रहेको उहाँले उल्लेख गर्नुभयो । साथै, उहाँले अर्थतन्त्रमा गति ल्याउन र प्रभावकारी बनाउन सूचना र सञ्चार क्षेत्रको महत्व रहेको प्रष्ट पार्दै सेवा विस्तार भए बमोजिम गुणस्तरमा समेत सुधार गर्न र स्थानीय तहसम्म फाइबर सेवालाई प्राथमिकताका साथ उपलब्ध गराउन आग्रह गर्नुभयो ।

कार्यक्रममा विशेष अतिथि एवम् नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल)ले कम्पनीका योजना र सम्पादित कार्य प्रगतिका बारेमा जानकारी गराउँदै वार्षिकोत्सवको अवसरमा शुभकामना व्यक्त गर्नुभएको थियो । उत्प्रेरित कर्मचारीबिना संगठनको सफलता असम्भव रहेको उल्लेख गर्दै उहाँले कर्मचारी सरोकारका विषयमा कम्पनी व्यवस्थापन अत्यन्तै संवेदनशील रहेको र कर्मचारीका सेवा सुविधा तथा उत्प्रेरणाको विषयलाई उच्च प्राथमिकतामा राखेर अगाडि बढिरहेको समेत बताउनुभयो ।

विशेष अतिथिको रुपमा नेपाल राष्ट्रिय कर्मचारी महासंघका अध्यक्ष मणिरत्न शाक्य समेतको उपस्थिति रहेको उक्त कार्यक्रममा उपस्थित सबैलाई संगठनका बागमती प्रादेशिक समितिका अध्यक्ष पुरुषोत्तम शर्माले स्वागत गर्नुभएको थियो ।

सो कार्यक्रममा विशेष अतिथि मणिरत्न शाक्यले कम्पनी र संगठनको प्रगतिको कामना गर्दै कर्मचारीवर्गले संस्थाको उद्देश्य प्राप्तिमा उत्प्रेरित भएर

*(बाँकी पृष्ठ ४ मा)*

## कम्पनीको वार्षिक ................

*(पृष्ठ १ को बाँकी)*

तथा दुर्गम क्षेत्रमा सेवा विस्तार तथा वितरण गर्दै डिजिटल नेपाल बनाउने नेपाल सरकारको अवधारणामा सहयोग गर्ने, विद्युतीय सुशासनको क्षेत्रमा सदा झैं थप सहयोगी भूमिका निर्वाह गर्ने तथा अप्टिकल फाइबरको माध्यमबाट सूचना महामार्ग निर्माण गरी डिजिटल डिभाइड कम गर्ने तर्फ कम्पनीले आफ्ना कार्यक्रमहरुलाई परिलक्षित गरिरहेको बताउनु भयो ।

समीक्षा अवधिमा कम्पनीको २ करोड ३० लाखभन्दा बढी सन्तुष्ट ग्राहक पुगेको उल्लेख गर्दै अध्यक्ष अर्यालले भन्नुभयो, 'आन्तरिक तथा बाह्य वातावरणमा देखिएका विविध प्रतिकूलताकाबीच कम्पनीले कुल रु ४२ अर्ब ११ करोड आम्दानी गरी रु ६ अर्ब २३ करोड मुनाफा आर्जन गर्न सफल भएको छ । समीक्षा अवधिमा कम्पनीले कर तथा शुल्कवापत आफ्नो कूल आयमध्ये ४१ अर्ब ५९ करोड राजस्वको रुपमा नेपाल सरकारलाई बुझाइ राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याएको छ ।'

देशको विषम भौगोलिक अवस्था र सापेक्षित रुपमा अन्य पूर्वाधारहरुको पहुँच विस्तार हुन नसकेको अवस्थामा कम्पनीले सेवाभावबाट प्रेरित भई सूचना प्रविधिलाई थप गुणस्तरीय तथा प्रभावकारी बनाउन फोरजीएलटीई प्रविधिमा आधारित VOLTE सेवा तथा FTTH सेवा विस्तारलाई सफलतापूर्वक सम्पन्न गरी स्तरोन्नति तथा वितरणलाई निरन्तरता दिंदै आएको उहाँले बताउनु भयो । यी सबैको परिणामस्वरुप समीक्षा अवधिको अन्त्यसम्ममा सातै प्रदेशका ७७ जिल्लाका कुल ७४३ स्थानीय तहमा अत्याधुनिक दूरसञ्चार फोरजीएलटीई सेवाको पहुँच विस्तार भई ७७ वटै जिल्लामा उच्च गतिको FTTH सेवा समेत विस्तार भएको बताउनु भयो । अति विकट र दुर्गममा रहेका बाँकी स्थानीय तहहरूमा उपयुक्त प्रविधिको उपयोग गरी सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइएको, देशैभर High Bandwidth Connectivity विस्तार गर्ने र Content मा आधारित Value Added Services को विस्तार गर्ने नीतिलाई निरन्तरता दिइएको तथा विश्व बजारमा उपलब्ध जीएसएम सेवा अन्तर्गत 5G सेवालाई व्यावसायिक रुपमा सञ्चालन गर्न र सेवा विस्तारका लागि अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्न आवश्यक व्यवस्था गरिएको उहाँले बताउनु भयो । ग्रामीण दूरसञ्चार विकास कोष (RTDF) बाट प्राप्त सहयोगलाई अधिकतम प्रतिफल प्राप्त हुनेगरी परिचालन गर्ने प्रयत्न स्वरुप कोशी, मधेश र बागमती प्रदेश अन्तर्गतका मध्य पहाडी लोकमार्ग, जिल्ला सदरमुकाम जोड्ने विभिन्न मार्गमा अप्टिकल फाइबर नेटवर्क विस्तार गर्ने कार्यक्रम अन्तर्गत समीक्षा अवधिको अन्त्यसम्ममा कूल १३९५ कि.मि. विस्तार भएको समेत उहाँले बताउनु भयो ।

कम्पनी सञ्चालक समितिका अध्यक्ष अर्यालले अगाडि भन्नुभयो, 'देशभर फोरजीएलटीई तथा एफटीटीएच सेवा बिस्तारका लागि ब्याकबोन नेटवर्कको स्तरोन्नति गरिएको छ । सम्भाव्यताका आधारमा भूमिगत वा ADSS माध्यमबाट सूचना महामार्गको निर्माणलाई तीव्रता दिइएको छ । अप्टिकल फाइबर नेटवर्क विस्तार गर्न नसकिने स्थानहरुमा उच्च क्षमताको माईक्रोवेभ रेडियो लिंक स्थापना गरिएको छ भने माईक्रोवेभ रेडियो लिंक मार्फत स्याटेलाइट लिंकलाई प्रतिस्थापन गर्दै लगिएको र सेवा अविछिन्न राख्नको लागि नियमित रुपमा विद्युत उपलब्ध गराउन सोलार पावर प्रणाली जडानलाई विशेष जोड दिइएको छ ।'

परम्परागत प्रविधिमा आधारित टेलिफोन सेवालाई आधुनिक एफटीटीएच प्रविधिबाट प्रतिस्थापन गर्ने कार्यमा प्राथमिकता केन्द्रित गरिएको र देशैभर यसका लागि आवश्यक कार्य भइरहेको बताउँदै उहाँले भन्नुभयो, 2G प्रविधिमा आधारित Voice सेवा प्रयोग गर्ने ग्राहकहरुको संख्यालाई मध्यनजर गरी यसको गुणस्तरमा वृद्धि र सुधार गर्नुका साथै 4G सेवालाई सम्पूर्ण ग्राहकहरुको माझमा पुर्‍याउने कार्यलाई निरन्तरता दिइएको छ । नेपाल दूरसञ्चार प्राधिकरणबाट 5G प्रविधिको परीक्षण अनुमति प्राप्त भएअनुसार आवश्यक पूर्वाधारसहित परीक्षण सफल भएपश्चात् 5G सेवाको व्यावसायिक सञ्चालनको लागि अध्ययन भइरहेको छ ।'

दूरसञ्चारको प्रतिस्पर्धात्मक बजार अनुरुप समय सापेक्ष कम्पनीमा कार्यरत जनशक्तिलाई मानव पूँजीका रुपमा स-सम्मान पहिचान गर्ने विश्वव्यापी मान्यतालाई अनुसरण गरी कर्मचारीकै अगुवाइमा कम्पनीको भावी कार्यदिशा पहिल्याउने प्रयास गरिएको र सरोकारवाला र विज्ञहरुसँग व्यापक छलफल र अन्तरक्रिया गरी सन् २०३० सम्मको कम्पनीको स्वरुप र कार्यदिशालाई स्पष्ट गरिसकिएकोले कार्यान्वयनको लागि आवश्यक रणनीति निर्माण कार्यलाई प्राथमिकता दिइएको बताउदै उहाँले विश्वभर नै भ्वाइस सेवाको माग तथा प्राप्त हुने राजस्वमा गिरावटको साथै ओटीटी (OTT) जस्ता सेवाले परम्परागत सेवालाई थप चुनौती दिएकोले प्रविधिमा आएको परिवर्तन कम्पनीबाट प्रवाह हुने सेवामा पनि तादात्म्यता मिलाउन प्रयासरत रहेको बताउनु भयो ।

साथै उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्बन्ध स्थापित गरी कम्पनीको हित अनुकूल हुनेगरी साझेदार संस्थाहरुसँगको सहकार्यसमेतमा विभिन्न सेवा विस्तार गर्नेतर्फ कम्पनीका गतिविधि निर्देशित गरिने र यस कार्यमा कम्पनीमा कार्यरत कर्मचारी, नियामक निकाय तथा शेयरधनी महानुभावहरुबाट सदाझैं पूर्ण सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा गरिएको बताउनु भयो ।

कम्पनीका अध्यक्षले साधारणसभामा शेयरधनी महानुभावहरुले उठाउनु भएका विभिन्न सुझावहरुको कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गर्दै सुझाव दिने शेयरधनीहरुप्रति आभार व्यक्त गर्नुभयो ।

कम्पनीले सत्रौं साधारणसभाले पारित गरेबमोजिमको लाभांश रकम २०८१ पुस २८ गतेदेखि नै एनएमबी बैंकमार्फत सर्वसाधारण शेयरधनीहरुलाई वितरण गर्ने व्यवस्था मिलाएको छ ।

# नेपाल टेलिकमका संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यहरू

नेपाल टेलिकमले आम जनमानससँग प्रत्यक्ष सरोकार रहने शिक्षा, स्वास्थ्य, सामाजिक विकास तथा सशक्तिकरण, वातावरण संरक्षण, प्रकोप तथा संकट व्यवस्थापन, गरिवी निवारण तथा उद्यमशीलताको विकास, खेलकुद आदि क्षेत्रहरुमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्बन गर्दै आइरहेको छ । यसै अन्तर्गत कम्पनीले विगतका वर्षहरुदेखि नै विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

**हरियाली संरक्षण तथा वृक्षरोपण:** काठमाडौंको माइतीघर देखि तिनकुने सम्मको सडक खण्डमा हरियाली संरक्षण तथा वृक्षरोपण कार्यक्रम सञ्चालन गर्दै आएको थियो । यस अन्तर्गत मौसमी फूलका बिरुवाहरु रोप्ने, रुखहरु तथा दुबो रोप्ने, गोडमेल गर्ने र काँटछाँट गर्ने लगायतका सुन्दरता अभिवृद्धि गर्ने क्रियाकलापहरु सञ्चालन गरिएका थिए ।

**विद्यालयमा विभिन्न भौतिक तथा शैक्षिक सामग्री वितरण:** कम्पनीले नेपाल भरिका विभिन्न सरकारी तथा सामुदायिक विद्यालयहरुमा फर्निचर, कम्प्युटर, झोला, ट्र्याकसुट लगायतका विभिन्न भौतिक तथा शैक्षिक सामग्रीहरु उपलब्ध गराएको छ ।

साथै देशभरका २० जिल्लाका १/१ सरकारी र सामुदायिक विद्यालयमा महिला स्वास्थ्यमा सहयोग पुग्ने गरी महिला स्वास्थ्य सामग्री Sanitary Pad Vending Machine (With Sanitary Pads) उपलब्ध गराइएको छ ।

**वातावरण सरसफाई:** धार्मिक मठ मन्दिर, पुरातात्विक एवम् पर्यटकीय स्थल, बसपार्क, सार्वजनिक पार्क तथा बगैंचा लगायतका महत्वपूर्ण सार्वजनिक स्थलहरुमा आवश्यकता बमोजिम डस्टवीन वितरण गरिएको छ ।

**वृद्धाश्रम, बाल आश्रम लगायतका संरक्षणस्थलमा सहयोग:** सातवटै प्रदेशका वृद्धाश्रम, बाल आश्रम, फरक क्षमता भएका व्यक्तिहरुलाई संरक्षण गर्ने संस्था तथा सामुदायिक केन्द्रहरुमा भोजन एवम् न्यानो कपडा र ब्ल्याङ्केट सहयोग गरिएको छ ।

**अस्पतालमा बेड कम चेयर वितरण:** नेपाल टेलिकमले नेपालको सबैभन्दा पुरानो अस्पताल वीर अस्पताल लगायत अन्य सरकारी तथा सामुदायिक अस्पतालमा आउने बिरामीका कुरुवाहरुले आराम गर्न सहज होस् भन्ने उद्देश्यले बेड कम चेयर उपलब्ध गराएको छ ।

**विद्यालयमा इन्टरनेट सेवा:** नेपाल टेलिकमले विद्यालयहरुमा पटनपाठन कार्य सहज होस् र विद्यार्थीले इन्टरनेटको सहज प्रयोग गर्न सकुन् भन्ने उद्देश्यले FTTH सेवा पुगेका देशभरका विभिन्न १०० ओटा सरकारी तथा सामुदायिक विद्यालयहरुमा ५० MBPS गतिको FTTH इन्टरनेट १ वर्ष सम्मका लागि निःशूल्क उपलब्ध गराएको छ । त्यसैगरी FTTH सेवा नपुगेका ७ वटै प्रदेशका विभिन्न ५० ओटा सरकारी तथा सामुदायिक विद्यालयहरुमा १ वर्ष सम्मका लागि Namaste Wi-Fi (WBB) राउटर सहितको 4G इन्टरनेट प्याकेज निःशूल्क उपलब्ध गराएको छ ।

**SEE तयारी गरिरहेका विद्यार्थीलाई सहयोग:** नेपाल टेलिकमले आउँदै गरेको SEE परीक्षा तयारी गरिरहेका विद्यार्थीहरुलाई अनलाइन माध्यमबाट निःशूल्क रुपमा पढ्न पाउने व्यवस्था मिलाएको छ ।

**यसका साथै :**

- ➢ फरक क्षमता भएका व्यक्तिहरुलाई छुट्टै प्याकेज सहितको निःशूल्क प्रिपेड सिमकार्ड वितरण
- ➢ नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण लगायतका संस्थाहरुको सिफारिसमा विभिन्न पर्व, अवसर तथा विपत्तिको समयमा निःशूल्क कलर रिङ्गटोनको प्रसारण कार्य
- ➢ गणतन्त्र दिवस, संविधान दिवस लगायतका पर्व, अभियान, सम्मेलन तथा प्राकृतिक विपद्का समयमा सूचना तथा अन्य जानकारी मूलक सन्देशहरु निःशूल्क Bulk SMS मार्फत प्रवाह
- ➢ गत वर्षको जाजरकोट भूकम्पबाट प्रभावित जनसमुदायको लागि ब्ल्याङ्केट, टेन्ट लगायतका राहत सामग्री उपलब्ध गराइएको
- ➢ गत असोजको पहिरो तथा डुबान पीडितहरुलाई राहत वितरण कार्यमा सहयोग पुगोस् भन्ने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग ।

## नेपाल राष्ट्रिय ................

*(पृष्ठ ३ को बाँकी)*

लाग्नुपर्ने धारणा राख्नुभएको थियो । यसै गरी कम्पनीका नवनियुक्त कर्मचारी सञ्चालक सदस्य लोक बहादुर कटुवालले संस्था रहेमा मात्र कर्मचारी र ट्रेड युनियनको अस्तित्व कायम रहने भएकाले टेलिकमलाई समृद्ध संस्थाको रुपमा अगाडि बढाउन आफ्नो स्थानबाट सबैले सामूहिक प्रयास गर्नुपर्ने बताउनुभयो । साथै लगानीको प्रतिफल सुनिश्चित गर्नका लागि दूरसञ्चार क्षेत्रका चुनौतीलाई अवसरमा बदल्दै प्रविधिको परिवर्तनलाई आत्मसात् गरेर आफ्ना सेवालाई चुस्त दुरुस्त बनाई कम्पनीका योजनाहरु कार्यान्वयन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कम्पनीमा क्रियाशील युनियन नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठन (NTEAN) का अध्यक्ष मोहन प्रसाद फुयाल, नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का अध्यक्ष सुरेश रौनियार र नेपाल टेलिकम कर्मचारी युनियन (NTEU) का अध्यक्ष वीरेन्द्रलाल जोशीले वार्षिकोत्सवको अवसरमा शुभकामना दिँदै कम्पनीका वर्तमान चुनौती, आगामी कार्यदिशाका साथै कर्मचारी सरोकार र कम्पनीको वृहत्तर हीतका लागि ट्रेड युनियन र व्यवस्थापनले खेल्नुपर्ने भूमिकाका बिषयमा आफ्ना आफ्ना धारणा प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा वार्षिकोत्सवका अवसरमा आयोजित फुटसल प्रतियोगिताका विजेताहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । साथै सोही अवसरमा संगठनको मुखपत्र 'सन्देश' को सोह्रौं अङ्कको विमोचन समेत गरिएको थियो । कार्यक्रमको अध्यक्षता संगठनका अध्यक्ष तेज बहादुर शाहीले गर्नु भएको थियो ।

## नेपाल टेलिकम ..........

*(पृष्ठ १ को बाँकी)*

यस कार्यक्रम अन्तर्गत गुणस्तरीय शिक्षा प्राप्त गरी आउँदै गरेको SEE परीक्षामा राम्रो नतिजा प्राप्त गर्न सहयोग गर्नका लागि सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत करिव २ लाख विद्यार्थीलाई अनलाइन मार्फत निःशुल्क E–Learning Class सञ्चालन गरिनेछ, जसका लागि प्रत्येक दिन दश हजार विद्यार्थी लाई २ GB डाटाका दरले ५ महिना सम्म निःशुल्क डाटा उपलब्ध गराइनेछ ।

उक्त सम्झौतापत्रमा नेपाल टेलिकमको तर्फबाट निमित्त प्रबन्ध निर्देशक तथा प्रमुख सञ्चालन अधिकृत सबिना मास्के प्रधान र उन्नती नेपाल फाउन्डेसनको तर्फबाट कार्यक्रम प्रबन्धक सूर्य प्रसाद न्यौपानेले हस्ताक्षर गर्नुभएको थियो ।

## नेपाल टेलिकमको विन्टर .........

*(पृष्ठ २ को बाँकी)*

विन्टर प्याकेज अन्तर्गत फरक क्षमता भएका व्यक्तिहरुलाई लक्षित गरी ४०० मिनेट अलनेट भ्वाइस तथा १० जीबी डाटा सुविधा सहितको प्याकेज रु. ३९९ मा उपलब्ध गरिएको छ जसमा प्रिपेड प्रयोगकर्ताको लागि २८ दिन र पोष्टपेड प्रयोगकर्ताको लागि ३० दिनको समयावधि तोकिएको छ ।

यी प्याकेजहरु सम्बन्धी विस्तृत जानकारी नेपाल टेलिकमको वेबपेज https://www.ntc.net.np/post/autumn-offer-2081 मा गएर हेर्न सकिन्छ ।

**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**

E-mail: ntc.news@ntc.net.np **फोन: ४२१०३७८, मासिक रुपमा प्रकाशित हुने यो** Newsletter **कम्पनीको** website: www.ntc.net.np **मा पनि उपलब्ध छ ।**

**Published by : Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Hari Dhakal    Joint Co-ordinator : Navin Kumar Mishra

Editor : Santosh Khanal
Editorial Team : Meghanath Dhakal